# मेरो बर्ष अभियान २०७४

## संचार रणनीति तथा कार्यान्वयन निर्देशिका


नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
टेकु, काठमाडौं

# दुई शब्द

आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा पाउने नागरिकको मौलिक हक र स्वस्थ रहन पाउनु हामी सबैको अधिकार हो । हरेक नागरिकलाई स्वस्थ राख्नु नेपाल सरकारको दायित्व पनि हो । सरकारले यो दायित्वलाई पूरा गर्न आफ्नो प्रतिवद्धता अनुरुप सेवा र कार्यक्रमहरुलाई विस्तार र शुलभ गर्दै लगेको छ । सरकारको यो प्रतिबद्धतामा तपाई हामी आफ्नो स्वास्थ्यको जीम्मेवारी आफै लिन तयार हुनुपर्छ ।

नेपालमा नसर्ने रोगहरुको भार व्यापक र महामारीको रुपमा बढ्दै गएको छ । यसलाई समयमै नियन्त्रण गर्न सकिएन भने यसले भयावह रुप लिने र धेरै मानव मृत्युको कारण बन्छ । यस सन्दर्भमा हाल नसर्ने रोगे नियन्त्रण सम्बन्धी क्रियाकलापहरु परम्परागत रोग रोकथाम तथा नियन्त्रण पद्धतीमा आधारित स्वास्थ्य प्रणालीको अनुशरणगरी संचालन गरिएको छ । यसरी संचालन गरिने क्रियाकलापहरुले मात्र नसर्ने रोगहरु रोकथाम तथा नियन्त्रण गर्न असम्भव जस्तै देखिन्छ । विश्वव्यापी रणनीति अनुसार नै नसर्ने रोग रोकथामका लागिप्रतिपादित रणनीतिहरु मध्ये हालको सन्दर्भमा स्वास्थ्य प्रवर्धन उत्तम रणनीति हो भन्ने कुरामा दुईमत छैन । यसर्थ स्वास्थ्य प्रवर्धन कार्यक्रमहरुलाई स्वास्थ्य क्षेत्रसंग सम्बन्धित राष्ट्रिय नीति तथा योजनाहरुमा प्रशस्त उल्लेख भएको पनि तर यसको कार्यान्वयन पक्षलाई सवल बनाउनु पर्ने, बहुक्षेत्रहरुको सहभागिता तथा प्रतिबद्धता हुनु पर्ने, हालको परिस्थितिलाई सम्बोधन गर्ने गरी पर्याप्त श्रोत परिचालन र रोग नै लाग्न नदिने नयां सोचबिचारका साथ अगि बढ्नु पर्ने अवश्यकता देखिएको छ । तसर्थ नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणको अवस्था विश्लेषण र नसर्ने रोगे रोकथाम तथा नियन्त्रण बहुक्षेत्रीय कार्य योजनाले निर्धारण गरेको स्वास्थ्य प्रबर्धन कार्यको विद्यमान आवश्यकता सम्बोधन गर्नका लागि समेत नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले यही बेशाख १ गतेदेखि **मेरो वर्ष २०७४: म स्वस्थ, मेरो देश स्वस्थ** भन्ने नाराका साथ स्वास्थ्य प्रबर्धन अभियान शुरु गरेको छ । आउनुहोस् नयाँ बर्षको शुरुवातसंगै **मेरो वर्ष २०७४** अभियानको उद्देश्य अनुरुप स्वस्थ मार्गमा हिड्न प्रतिवद्धता सहित स्वस्थ जीवनशैली अपनाउने संकल्प गरौं ।

अन्तमा, यो संचार रणनीति र कार्यान्वयन निर्देशिकाले निर्देशन गरे बमोजिम कार्य गर्न सबै सरोकारवालाहरु, समुदाय, परिवार र व्यक्ति ले साथ दिनु हुनेछ भन्ने आशा एवं विश्वास गरेको छु । साथै यो रणनिति र निर्देशिका तयार गर्ने कार्यमा राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले नेतृत्वदायी भूमिका निर्वाह गरेकोमा र यस कार्यमा योगदान पुऱ्याउनु हुने सल्लाहकार टोलीलाई पनि धन्यवाद दिन चाहन्छु।

गगन कुमार थापा
मन्त्री
स्वास्थ्य मन्त्रालय

# मन्तव्य

नेपालमा नसर्ने रोगहरुबारे अस्पतालका विद्यमान अभिलेखहरुले नसर्ने रोगहरुको समस्या दिनानुदिन बढ्दै गैरहेको देखाएको छ । विश्व स्वास्थ्य संगठन र विश्व बैंकको एक अध्ययन अनुसार नेपालमा नसर्ने रोगहरु महत्वपूर्ण स्वास्थ्य समस्याका रुपमा रहेको देखाएको छ । उक्त अध्ययनका अनुसार नेपालीहरुमा हुने रोगहरुको करिव ३९ प्रतिशत अंश नसर्ने रोगहरुको रहेको थियो भने कूल मृत्यु मध्ये करिव ६० प्रतिशत मृत्यु नसर्ने रोगको कारणले हुने गरेको देखिएको छ । कूल मृत्यु मध्ये २२ प्रतिशत मुटुसम्बन्धी रोगको कारणले, ७ प्रतिशत अर्वुद रोग, ५ प्रतिशित श्वासप्रश्वास सम्बन्धी रोगहरु र १.७ प्रतिशत मधुमेहको  कारणले भएको पाईएको छ । नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणको आवश्यकता सम्बोधन गर्नका लागि स्वास्थ्य मन्त्रालयले यही बेशाख १ गतेदेखि **मेरो वर्ष २०७४: म स्वस्थ, मेरो देश स्वस्थ** भन्ने नाराका साथ अभियान शुरु गरेको छ । यो अभियानको प्रभावकारी कार्यान्वयनले नसर्ने रोगहरुको कारणले हुने मृत्युदरमा उल्लेख्नी यरुपमा कमी आउनुका साथै रोगीहरुको प्रतिशित घट्ने र स्वस्थ जीवनशैलीमा  उल्लेख्यसुधार हुने कुरामा म विश्वस्त छु ।

यो मेरो बर्ष २०७४ संचार रणनीति तथा कार्यान्वयन निर्देशिका तयार गर्ने कार्यमा राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सन्चार केन्द्रको ठूलो योगदान रहेको छ । यसमा योगदान पुऱ्याउने अन्य सल्लाहकारहरुलाई पनि धन्यवाद दिन चाहन्छु । यो संचार रणनिति र कार्यन्वयन निर्देशिकाले मेरो बर्ष २०७४ को अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउनेछ भन्ने आशा एवं विश्वास गरेको छु। अभियान कार्यान्वयन गर्दा सम्बद्ध सरोकारवालाहरु, विकासका साझेदारहरु, स्वास्थ्यकर्मीहरु, पेशाकर्मी, नागरिक समाज, सामुदायिक संस्थाहरु, समुदायहरु, परिवारहरु र महिला स्वयंम सेविकाहरुको समेत सक्रिय सहभागिता एवं सहयोगको अपेक्षा गरेको छु ।

डा.सेनेन्द्र राज उप्रेती
सचिव
स्वास्थ्य मन्त्रालय

# मन्तव्य

हाल नेपालमा जीवनशैलीसंग सम्बन्धित वा अस्वस्थ जीवनशैलीका कारण नसर्ने रोगहरुको प्रकोप बढ्दो अवस्थामा भएको हालको तथ्याङ्कहरुले देखाएको छ । यस्ता रोगहरुको पहिचान र रोकथाम समयमै हुन नसक्दा रोगीको हेरचाह र उपचारको भारी खर्च परिवार र राष्ट्रले व्यहोर्नु परेको छ । यती मात्र नभई अकाल मृत्यु र अपाङगताको संख्यामा समेत वृद्धि हुँदै गएको छ । यस्ता नसर्ने रोगहरु हुन नदिन वा समयमै रोकथाम गर्न व्यक्तिगत जीवनशैलीमा सामान्य परिवर्तनबाट पनि यो अवस्थालाई आफैल रोक्न र घटाउन सकिन्छ । जीवनशैलीमा आधारित व्यक्तगत व्यवहार परिवर्तन गर्न उत्प्ररित गराउने उद्देश्यले यही बैशाख १ गते स्वास्थ्य मन्त्रालयको नेतृत्वमा "मेरो वर्ष २०७४-म स्वस्थ, मेरो देश स्वस्थ" भन्ने नाराका साथ अभियान सुरु भएको छ । स्वास्थ्य सेवा विभाग अन्तर्गत सम्पूर्ण स्वास्थ सेवाका संजालहरु, वाह्य विकास साझेदार संघ संस्थाहरु तथा सामाजिक संस्थाहरुलाई यस अभियानमा सहभागी हुन तथा सहयोगको वातावरण सृजना गरिदिनु हुन म स्वास्थ्य सेवा विभागको तर्फबाट आग्रह गर्न चाहान्छु ।

नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रण र मृत्युदर घटाउने कुरामा यो अभियान सफल हुने कुरामा म विश्वस्त छु । अन्त्यमा, यो रणनीति र कार्यान्वयन निर्देशिका तयार गर्ने राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रलाई अभियानको सफलताको कामना गर्दै यसमा योगदान पुऱ्याउने सल्लाहकारहरुलाई धन्यवाद दिन चाहन्छु ।

डा.राजेन्द्र पन्त<br>
महा–निर्देशक<br>
स्वास्थ्य सेवा विभाग

# सम्मति

नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि राष्ट्रिय कार्ययोजना २०१४-२०२०, नेपाल स्वास्थ्य क्षेत्र रणनीति - कार्यन्वयन योजना २०१६-२०२१ ले स्वस्थ जिवनशैली प्रबर्द्धन र संचार कार्यक्रमहरुलाई प्राथमिकता दिएको छ । उक्त कार्ययोजना तथा रणनीतिहरुले मुख्यतः समाजका सबै तहमा नसर्ने रोग नियन्त्रण गर्न व्यक्तिगत व्यवारमा सुधार ल्याउने र परिवार तथा समुदायमा स्वास्थ्य जीवनशैली कायम गर्न सजक गराउने उद्देश्यले यस दस्तावेजमा रणनैतिक ढँचाहरु त्यसैअनुरुप तयार गरिएको छ ।

सूर्तिजसूर्तिजन्य पदार्थ सेवन नै नगर्न सजिलो छ तर सेवन शूरु गरीसकेपछि त्याग्नु सजिलो छैन तर त्याग्न सम्भव छ । त्यसकारण सूर्तिजन्य पदार्थ लगायत नसर्ने रोगका जोखिम तत्वहरु नियन्त्रण गर्न र समयमै स्वास्थ्य संस्थामा स्वास्थ्य सम्बन्धी आवश्यक सल्लाहको लागि जाने वातावरण वनाउन स्वास्थ्य प्रबर्धन अभियान नै संचालन गर्न लागिएको छ । यो स्वास्थ्य प्रबर्धन अभियानका लागि मेरो बर्ष २०७४ संचार अभियान कार्यन्वयन गर्नुको मुख्य उद्देश्य व्यक्ति र परिवार स्वस्थ रहनको लागि हरेकको व्यक्तिगत सचेतना र प्रतिबद्धता लिन उपयुक्त वातावरण तयार गर्नु हो । जव व्यक्ति र परिवार स्वस्थ रहन सक्छ तव देश स्वस्थ हुन सक्छ । यो अभियान अर्न्तगतका विभिन्न क्रियाकलापहरु सहज रुपमा कार्यन्वयन गर्न यो मेरो बर्ष २०७४ अभियान संचार रणनिति र कार्यन्वयन निर्देशिका विकास गरिएको हो । यो निर्देशिकालाई अनुसरण गरी विभिन्न तह र क्षेत्रमा यस अभियानसंग सम्बन्धित क्रियाकलापहरु संचालन गरिनेछ ।

यो निर्देशिका विकास गर्ने महत्वपूर्ण प्रक्रियामा योगदान पुर्‍याउने सबै सरोकारवाला, साझेदार र सल्लाहकारहरुको अमूल्य समय र विज्ञताका निम्ति हार्दिक धन्यवाद प्रदान गर्दछु । साथै यस अभियानसंग सम्बन्धीत क्रियाकलापहरु कार्यान्वयन गर्ने क्रममा सम्बन्धित निकाय तथा सरोकारवालाहरुले यो निर्देशिका अनुसार कार्यक्रमहरु कार्यान्वयन गर्नु हुनेछ भन्ने कुरामा म विश्वस्त छु ।

बद्री बहादुर खड्का<br>
निर्देशक<br>
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र

# बिषयसूची


| | पेज नं. |
|---|---|
| दुई शब्द | १ |
| मन्तव्य | २ |
| मन्तव्य | ३ |
| सम्मति | ४ |
| विषयसूची | ५ |
| १. परिचय | ६ |
| २. लक्ष्य, उद्देश्य, लक्षित समूह, व्यवहार परिवर्तन संचारका प्रमुख बिषयबस्तुहरु | १० |
| ३. सञ्चार रणनीति | १२ |
| ४. मेरो बर्ष २०७४ संचार अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका | १५ |
| ५. संचार अभियान कार्यान्वयन तहगत संरचना | १७ |
| ६. अनुगमन तथा मूल्याङ्कन | १९ |
| ७. निर्देशिका कार्यान्वयन तथा बाधा अड्काउ फुकाउन | १९ |


## अनूसूची


अनुसूची १: निर्देशक समितिकोसंरचना
अनुसूची २: कार्यान्वयन समितिको संरचना
अनुसूची ३: कार्यान्वयन निर्देशिका
अनुसूची ४: मेरो बर्ष २०७४ अभियान कार्यक्रमहरुको तालिका
अनुसूची ५: संचार कार्य योजना र निर्देशिका कार्यान्वयनको लागि प्रक्षेपित बजेट सारांश
अनुसूची ६: मेरो बर्ष, २०७४ म स्वस्थ, मेरो देश स्वस्थ अभियान कार्यक्रमहरु
अनूसूची ७: मेरो वर्ष २०७४ अभियानको ब्रान्डिङ (Branding) निर्देशिका

# १. परिचय

## १.१. पृष्ठभूमि

अस्वस्थ जीवनशैली, विश्वव्यापिकरण, वजारीकरण, जनसंख्या तथा अर्थतन्त्रमा आएको परिवर्तन आदि कारणले गर्दा मानिसको जीवन र स्वास्थ्यमा जोखिम बढ्दै गैरहेको छ । यी कारणले गर्दा नसर्ने रोगहरु (Non Communicable Disease) विश्वमा मानिसहरुको मृत्युको प्रमुख कारणको रुपमा देखा परिरहेका छन् । नसर्ने रोगहरुको जोखिम दक्षिण पूर्वि एशियामा अझ प्रवल रहेको छ । मुटु तथा रक्तनली सम्बन्धी रोगहरु (Cardiovascular Diseases), दीर्घ श्वास प्रश्वास सम्बन्धी रोगहरु, क्यान्सर, मधुमेहजस्ता रोगहरुलाई प्रमुख नसर्ने रोगहरु भनिन्छ, जुन रोगहरुको कारक तत्वहरु व्यापक, परिवर्तनीय र सजिलै व्यवस्थापन गर्न सकिने किसिमका हुन्छन् । नसर्ने रोगहरुका व्यवहारिक (Behavioural) कारक तत्वहरुमा  सूर्तिजन्य पदार्थ तथा मदिरा सेवन, फलफूल तथा तरकारीको मात्रा कम भएको, बढी नुनिलने र बढी चिल्लो भएको अस्वस्थ खाना खाने शारीरिक व्यायमको अभार्वेआदि छन भने,मोटोपन, उच्च रक्तचाप, रगतमा ग्लुकोजको मात्रा बढ्नु, रगतमा सामान्य भन्दा चिल्लोपना हुनु नसर्ने रोगका शारीरिक (metabolic) कारक तत्वहरु हुन् । घरभित्र र बाहिरको  दूषित हावा र मानसिक तनाव समेत नसर्ने रोगहरुको कारक तत्वहरु मध्ये एक हो ।

नसर्ने रोगहरुले रोगको रुपमा मात्र नरही सामाजिक, आर्थिक वातावरणमा र समग्र देश विकासमा नै समेत नकारात्मक असर पारिरहेका हुन्छन् । नसर्ने रोग लागी सकेपछि जीवनपर्यन्त उपचार गनुपर्ने, बढ्दो धान्नै नसक्ने स्वास्थ्य उपचारको खर्च र व्यक्तिको उत्पादनशिलतामा आउने ह्रास आदि कारणले गर्दा व्यक्ति, परिवार तथा समाजले आम्दानीको ठूलो हिस्सा यसमा खर्च गर्नुपरेको छ । तर यी रोगहलाई रोकथाम गर्न सकिनेछ । एउटा राम्रो तथ्य के छ भने नसर्ने रोगका कारक तत्वहरु हाम्रो वानी व्यहोरा, आर्थिक सामाजिक अवस्था, आदिमा निर्भर रहने प्रकृतीका हुने भएको कारणले हाम्रो वानी व्यहोरा, जीवनशैली  तथा आर्थिक सामाजिक अवस्थामा सुधार गर्न सके यी रोगहरुको रोकथाम गर्न सकिने अथवा रोग लाग्नलाई ढिलाई गर्न सकिने अवस्था छ  तर यसको लागि आर्थिक सामाजिक विकासको लागि वहुक्षेत्रीय दीर्घकालिन कार्य योजनाको आवश्यकता रहेको छ ।

नसर्ने रोगहरुको यीनै गाम्भीर्यतालई बिचार गरी विश्वव्यापी र राष्ट्रिय कार्य योजना तयार भै नसर्ने रोग नियन्त्रण गर्न बिभिन्न प्रकारका प्रभावकारी रणनीतिहरु सिफारिस गरिएका छन । त्यस्ता रणनीतिहरु मध्ये स्वास्थ्य प्रबर्धन एक मुख्य रणनीत रहेको छ । यस सन्दर्भमा स्वास्थ्य प्रबर्धन कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाई नसर्ने रोगको गम्भीर समस्या रोकथामलाई सम्बोधन गर्न, व्यक्तिगत जीवनशैलीमा लक्षित र सामाजिक मुल्यमान्यतामा आधारितसंवेदनशील कार्यक्रमहरू विस्तार गर्न एउटा अभियानकै खांचो थियो । त्यो खांचोलाई नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले मेरो बर्ष, २०७४ लाई स्वास्थ्य प्रबर्धन अभियानकै रुपमा संचालन गर्ने निर्णय गरे पश्चात पूरा भएको छ । यसका लागि मेरो बर्ष, २०७४ अभियान संचार रणनीति तथा कार्यान्वयन निर्देशिकाको विकास भएको हो । मेरो बर्ष, २०७४ अभियानले नसर्ने रोग रोकथाम तथा नियन्त्रणको राष्ट्रिय कार्ययोजनाको उद्देश्य हासिल गर्न कार्यान्वयन तहमा संलग्न विभिन्न निकाय तथा सेवाग्राही सरोकारवालाहरुलाई यस विषयमा सही सूचना सम्प्रेषण, क्षमता अभिवृद्धि र परिचालन अपेक्षित रुपमा गरिनेछ । यस रणनीतिले नसर्ने रोग सम्बन्धी पैरवी तथा संचारका लागि दिशा निर्देश गर्नेछ । यसमा आधारित रहेर नर्सने रोग नियन्त्रण सम्बन्धी प्रचलित सामाजिक मूल्य, मान्यता र व्यवहार परिवर्तन गर्न विशिष्ट क्रियाकलापहरू समुदायस्तरसम्म पुऱ्याउने लक्ष्य रहेको छ । यसका साथै आदर्श व्यक्ति, समूह, संस्थाहरूको संलग्नतामा सबै तहमा सकारात्मक व्यवहार प्रवर्द्धन गर्न पनि यस रणनीतिले सहयोग गर्ने अपेक्षा गरिएको छ ।

## १.२ स्वस्थ जिवनशैली प्रबर्द्धनमा विगतको प्रयाश

विगतमा स्वस्थ जिवनशैली प्रबर्द्धन सम्बन्धमा विभिन्न नीतिगत र कार्यगत प्रयास भएका छन् । नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रमः कार्यान्वयन योजना तेश्रो (Nepal Health Sector Program: Implementation Plan-NHSP: IP-III), २०१६–२०२० ले स्वास्थ्य प्रबर्द्धन सञ्चारलाई स्वस्थ जिवनशैलीकालागी नभई नहुने महत्वपूर्ण विषय (Cross Cutting Issues) को रुपमा पहिचान र स्वीकार गरेको छ । यस अनुसार स्वास्थ्य सन्देश, सूचना र सामाग्रीहरु विकास, उत्पादन र प्रचार प्रसार पैरवी, सामाजिक परिचालन र व्यवहार परिवर्तन स्वास्थ्य सञ्चार रणननीति मार्फत कार्यक्रमहरु संचालन गर्ने योजना छ ।

## १.३. वर्तमान राष्ट्रिय नीति, योजना र कार्यक्रम

राष्ट्रिय स्वास्थ्य नीति २०७१ र नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणकालागि राष्ट्रिय कार्ययोजना २०१४-२०२०, नेपाल स्वास्थ्य क्षेत्र रणनीति - कार्यन्वयन योजना २०१६-२०२१ ले स्वस्थ जिवनशैली प्रबर्द्धनसम्बन्धी संचार कार्यक्रमलाई प्राथमिकता दिएको छ । उक्त कार्य योजना तथा रणनीतिहरुले मुख्यतः समाजका सबै तहमा नसर्ने रोग नियन्त्रण गर्न, व्यक्तिगत वानी व्यवहार तथा जीवनशैलीमा सुधार ल्याउन र परिवार तथा समुदायमा स्वास्थ्य जीवनशैली प्रति सजक गराउने उद्देश्य लिई रणनैतिक ढाँचाहरु त्यसैअनुरुप तयार गरिएका छ ।

### १.३.१ स्वास्थ्य मन्त्रालयः नीतिगत प्रयास

- सूर्तीजन्य पदार्थ नियमन तथा नियन्त्रण कानून निर्माण र कार्यान्वयन,
- मदिरा, सूर्तिजन्य पदार्थ, चिनीयुक्त पदार्थ र पत्रु खाना प्रयोगमा कमि ल्याउन कर बृद्धिको योजना,
- वायू प्रदूषण घटाउने कार्ययोजना निर्माण,
- पानीको गुणस्तर सुधार्न भईरहेका नियमन कार्यहरू,
- बहुक्षेत्रीय सडक सुरक्षा कार्ययोजना,
- राष्ट्रिय पोषण केन्द्र र पोषण अधिकारीहरूको ब्यबस्था,
- मानसिक स्वास्थ्य नीति,
- विद्यालयमा सामुदायिक नर्सको अवधारणा,
- जनस्वास्थ्य प्रबर्धन तथा निरीक्षण अधिकृतको नीतिगत कल्पना,

### १.३.२ स्वास्थ्य मन्त्रालयः सेवा विस्तार

- विपन्न नागरिक उपचार सहायताः कडा रोग तर्फ ८ बाट १२ मा विस्तार,
- निशुल्क डायलासिस सेवा र निशुल्क मृगौला प्रत्यारोपणको शुरुवात,
- बाथ मुटुको भाल्भ शल्यक्रिया निशुल्क,
- मुटु र क्यान्सरको उपचार सेवा विस्तार,
- काठमाडौं बाहिर डायलासिस सेवा विस्तार,
- नसर्ने रोग रोकथाम स्वास्थ्य प्रबर्धन कार्यक्रम,

### १.३.३ स्वास्थ्य मन्त्रालयः सेवा सुधार

- सवै स्वास्थ्य चौकीसम्म निःशुल्क मृगौलाको प्रारम्भिक परिक्षणका लागि डिप स्टिक टेस्ट (Dip Stick Test),
- ७५ जिल्लामा निःशुल्क VIA Screening (Visible Inspection with Acetic Acid Screening),
- ५० भन्दा वढी अस्पतालहरुमा फार्मेसीको स्थापना र संचालन र आउदो बर्षसम्म सवै अस्पतालहरुमा,

- काठमाडौ महानगरपलिकामा जनता स्वास्थ्य केन्द्रहरूको स्थापना, संचालन र र क्रमश सवै नगरपालिकाहरूमा विस्तार,
- १०५३ स्वास्थ्य चौकीमा PEN प्याकेज (Package of Essential Non-communicable Diseases),
- आगामी आ.व. भित्र सबै स्वास्थ्य चौकीमा पुर्याउने गरी,सबै प्राथमिक स्वास्थ्य केन्द्रसम्म चिकित्सक स्थायी र करार (छात्रवृति) गरि आवश्यक चिकित्सक खटाइएको ।
- सवै जिल्ला अस्पतालसम्म बिशेषज्ञ चिकित्सा सेवा पुर्यावउन साझेदारीको अवधारणा अबलम्बन गरिएको,
- केन्द्रीय, क्षेत्रीय, अंचल, जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमा आवश्यक उपकरण उपलब्ध गराउने ब्यबस्था,
- अस्पतालहरुमा मर्मत, सुधार र विकासका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

### १.३.४ सेवा सुधार

ठुला सरकारी अस्पतालहरु अंचल अस्पतालसम्म Doctor of Medicine (MD) र Master of Surgery (MS) को अध्यापन गराउने उद्देश्यले राष्ट्रिय चिकित्शा शास्त्र प्रतिस्ठान (National Academy of Medical Science-NAMS) संग सम्झौता प्रकृया अगाडि वढेको, नसर्ने रोग (Non-Communicable Disease) राष्ट्रिय केन्द्र स्थापना गर्ने तयारी, स्वास्थ्य प्रबर्धन ब्यूरो स्थापना गर्ने सहित नेपाल स्वास्थ्य क्षेत्र रणनीति कार्यान्वयन योजना तेश्रो स्वीकृत भएको, स्वास्थ्य पूर्वाधार विकासको विस्तृत ७ वर्षे योजना (एकिकृत स्वास्थ्य पूर्वाधार परियोजना) निर्माणभएको ।

## १.४. नसर्ने रोग सम्बन्धी प्रचलित सामाजिक मूल्य, मान्यता र व्यवहारहरु

नेपालमा नसर्ने रोगहरुसंग सम्बन्धित पर्याप्त तथ्यांक र सूचनाको अभाव रहेको छ,तापनि अस्पतालहरुमा विद्यमान अभिलेख र स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीहरुले नसर्ने रोगहरुको समस्या दिनानुदिन बढ्दै गैरहेको देखिएको छ । विश्व स्वास्थ्य संगठन र विश्व बैंकको एक अध्ययनले जनाए अनुसार नेपालमा नसर्ने रोगहरु महत्वपूर्ण स्वास्थ्य समस्या र विकासको बाधकको रुपमा रहेका छन् । उक्त अध्ययनका अनुसार नेपालीहरुमा हुने रोगहरुको करिव ३९ प्रतिशत अंश नसर्ने रोगहरुको रहेको छ भने कूल मृत्यु मध्ये करिव ६० प्रतिशत जति मृत्यु नसर्ने रोगको कारणले हुने गरेको छ (Source: WHO 2014)। कूल मृत्यु मध्ये २२ प्रतिशत मुटुसम्बन्धी रोगको कारणले, ७ प्रतिशत अर्वुद रोग, ५ प्रतिशित श्वासप्रश्वास सम्बन्धी रोगहरु र १.७ प्रतिशत मधुमेहको कारणले भएको पाईएको थियो । हाल नेपालमा एक तिहाई जनसंख्यामा उच्च रक्तचाप र १५% मा मधुमेह देखापरेको छ र हरेक वर्ष ८ देखि १० हजार मानिसहरुमा क्यान्सर रोग देखापरेको छ । अस्पातलमा जाँच गर्न आउने बिरामीहरुमध्ये ८०% मा नसर्ने रोगका लंक्षणहरु देखा परेको छ । जसमध्ये ४३% श्वासप्रश्वासका दिर्घरोगी, ४०% मुटुरोगी, १२% मधुमेह र ५% मा क्यान्सर देखा परेको छ (Source: STEPS 2013)।

नेपालमा प्रत्यक दिन १ प्रतिशत जनसंख्याले मात्र सिफारिस गरिएको सन्तुलित आहार (फलफूल तथा सागसब्जि ५ वा ५ भन्दा बढी पटक) खाने गरेको पाईएको छ (Source: STEPS 2013)। न्यून पोषण मात्र नेपालमा अधिक पोषणको समस्या पनि क्रमशः बढ्दै गइरहेको छ । नियमित व्यायाम गर्ने व्यक्तिहरुको संख्या पनि नेपालमा न्यून देखिन्छ जसमा ४७ प्रतिशत जनसंख्याले कडा व्यायाम गर्ने गरेको पाईन्छ । अस्वस्थ्य जीवनशैलीका कारण हाल केही वर्षयता नेपालमा नसर्ने रोगहरुको उच्च प्रकोप बढेको माथिको तथ्याङ्कले देखाएको छ । यस्ता रोगहरुको समयमै पहिचान र रोकथाम हुन नसक्दा व्यक्ति, परिवार र राष्ट्रले हेरचाह र उपचार खर्चको भार उठाउनु पर्ने साथै अकाल मृत्यु र अपांगताको संख्यामा समेत बृद्धि भएको पाईएको छ । करिब २ प्रतिशत ५ बर्ष मुनिका बालबालिकामा अधिक पोषणको समस्या देखिएको छ भने नेपाल जनसाङख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११

अनुसार विगत १० वर्षमा १५-४९ वर्षका महिलाहरुमा अधिक पोषण दोब्बर भएको (सन् २००१ मा ६.५% र सन् २०११ मा १३.५%) पाईएको छ । साथै अधिक पोषण, अस्वस्थ खानपान तथा अव्यस्थित जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप जस्ता नसर्ने रोगहरूको प्रकोप पनि अत्यधिक बढेको पाईएको छ ।

आधुनिक बदलिंदो जीवनशैलीले गर्दा महिला तथा पुरुष दुवै र त्यसमा पनि विशेषगरी युवा तथा किशोर किशोरीहरूमा सुर्तिजन्य पदार्थ र मदिरा सेवन गर्ने, शारीरिक रुपले सक्रिय नरहने, नियमित स्वास्थ्य जाँच नगराउने र पोषण तत्व कम भएका तयारी खाना वा पत्रु खाना (Junk Food) तर्फ आकर्षित भईरहेको पाईन्छ । जीवनशैलीमा आधारित रोगहरूको रोकथाम गर्न प्रत्येक व्यक्तिले आफ्नो जीवनशैलीमा सामान्य परिबर्तनबाट यो अवस्थालाई आफैले रोक्न र घटाउन सकिन्छ । सुर्तीजन्य पदार्थको प्रयोग अत्याधिक बढेको र १८.५ % जनसंख्याले सूर्तिजन्य पदार्थ सेवन गर्ने तथ्याङ्कले देखाएको छ भने दक्षिण एसियामै धेरै महिला धुम्रपानकर्ता (१५%) नेपालमा रहेको र १७% जनसंख्याले मदिरापान गर्ने गरेको तथ्याङ्कले देखाएको छ । १८ % मा मोटोपन र ४% अति मोटोपन छ भने खाद्यवस्तुहरुमा अत्यधिक विषादीको प्रयोग, मिसावटयुक्त खाद्यवस्तु, अस्वस्थ र असन्तुलित खानपिनशैलीमा पनि वृद्धीभएको तथ्याङ्कले देखाएको छ (Source: STEPS 2013)।

## १.५. मेरो बर्ष २०७४ संचार अभियानको आवश्यकता तथा औचित्व

अस्वस्थ जीवनशैलीका कारण हुने नसर्ने रोगहरुले पार्ने व्यक्ति, परिवार, समाज र देश विकासमा नकारात्मक प्रभाव पारेको र यसका सम्भावित असर रोक्न र व्यक्तिगत जीवनशैलीको अवस्थामा सुधार ल्याउन विभिन्न उपायहरु अपनाउनु पर्ने देखिन्छ । नसर्ने रोगहरु सम्बन्धी समस्या र चुनौतीको संक्षिप्त अध्ययन गर्दा त्यस्ता उपायहरु सहज रुपमा गर्न सकिने, सजिलै उपलब्ध हुने र सबैले प्राप्त गर्न सकिने खालका छन् । नसर्ने रोगहरुका अवस्था सुधार गर्ने यी उपायहरु कम खर्चिलो पनि छन् र त्यस्ता उपायहरु व्यक्तिगत जीवनशैलीमा अनुशरन गराउने उद्देश्यले **"मेरो बर्ष २०७४"** संचार अभियानको विकास गरिएको हो । यस संचार अभियानले लक्षित समूहलाई नसर्ने रोगबारे जनचेतना जगाई व्यक्तिगत रुपमा गर्नु पर्ने देहायका व्यवहार अपनाउन प्रेरित गर्नेछ ।

१. सुर्तिजन्य पदार्थ सेवन नगर्ने र मदिराको हानिकारक प्रयोग नगर्ने,
२. शारीरिक रुपले सक्रिय रहने,
३. स्वस्थ र पौष्टिक खाना खाने,
४. नियमित स्वास्थ्य जाँच गराउने,
५. परिवार र समुदायको स्वस्थ्यप्रति सजग रहने,

यस खालका समस्या र चुनौतीको सामना गर्न र व्यक्तिगत व्यवाहर प्रति जिम्मेवार हुन मेरो बर्ष २०७४ अभियान कार्यान्वयन उपयुक्त हुनेछ। नसर्ने रोगले समग्र जीवनचक्र र पुस्तौ पुस्तासम्म पार्ने नकारात्मक प्रभाव र सम्भावित असर रोक्न बिभिन्न उपायका बारेमा उपयुक्त, गुणस्तरीय र सन्देशहरुमा एकरुपता कायम गरी नागरिकहरुमा व्यापक रुपमा प्रवाह गर्नुपर्ने आवश्यकता देखिएको छ । मेरो बर्ष २०७४ लाई घरघरमा व्यापक रुपमा प्रचार प्रसार तथा परिचित गराई महिला तथा पुरुष दुवै र त्यसमा पनि विशेषगरी युवा तथा किशोर किशोरीहरूमा नसर्ने रोगसंग सम्बन्धित व्यक्तिगत, परिवारिक, सामाजिक तथा सास्कृतिक व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन यो मेरो बर्ष २०७४ अभियानको विकास गरिएको हो ।

# २. लक्ष्य, उद्देश्य, लक्षित समूह, व्यवहार परिवर्तन संचारका प्रमुख बिषयबस्तुहरु

## २.१ लक्ष्य

जीवनशैलीमा सुधार ल्याउन नागरिकहरुले उपयुक्त व्यवहार अपनाएको सुनिश्चित गर्ने यस संचार अभियानको लक्ष्य हो ।

## २.२ उद्देश्य

यस संचार अभियानको उद्देश्यहरु देहाय बमोजिम हुनेछन:

२.२.१ मेरो बर्ष २०७४ अभियान प्रबर्द्धनका लागिसमन्वय तथा पैरवी गर्ने ।

२.२.२ मेरो बर्ष २०७४ सम्बन्धी मुख्य ५ व्यवहारहरु लक्षित समूहसम्म प्रबर्द्धनका लागि आवश्यक सूचना र सन्देश प्रवाह गर्नसञ्जालहरुलाई परिचालन गर्ने ।

२.२.३ १. सुर्तिजन्य पदार्थ सेवन नगर्ने र मदिराको हानिकारक प्रयोग नगर्ने, २. शारीरिक रुपले सक्रिय रहने, ३. स्वस्थ र पोषिलो खाना खाने, ४. नियमित स्वास्थ्य जाँच गराउने र ५. परिवार र समुदायको स्वस्थ्यप्रति सजग रहने सम्बन्धी सूचना र सन्देश प्रवाह गरी लक्षित समुहको व्यक्तिगत व्यवहार विकास र प्रवर्धन गर्ने ।

२.२.४ व्यत्तिगत व्यवहारसँग सम्बन्धित सामाजिक मान्यता र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन आदर्श व्यक्तिहरुको पहिचान र परिचालन गर्ने ।

## २.३ लक्षित समूह

यस मेरो बर्ष २०७४ संचार अभियानको लक्षित समूह सबै नागरिक विशेषगरी महिला, पुरुष, बयस्क, युवा तथा किशोर किशोरीहरू हुनेछन् ।

## २.४ व्यवहार परिवर्तन संचारका प्रमुख बिषयबस्तुहरू

२.४.१ सुर्तिजन्य पदार्थ सेवन नगर्ने र मदिराको हानिकारक प्रयोग नगर्ने,<br>
२.४.२ शारीरिक रुपले सक्रिय रहने,<br>
२.४.३ स्वस्थ र पोषिलो खाना खाने,<br>
२.४.४ नियमित स्वास्थ्य जाँच गराउने,<br>
२.४.५ परिवार र समुदायको स्वस्थ्यप्रति सजग रहने,

## २.५ समूह, संस्था तथा निकायहरू, महिला स्वास्थ्य स्वयंसेविका र समुदायका स्वास्थ्यकर्मीहरुको लागि प्रमुख बिषयहरु

२.५.१ सुर्तिजन्य पदार्थ सेवन नगर्ने र मदिराको हानिकारक प्रयोग नगर्नको लागि व्यक्ति, परिवार, र समुदायलाई उत्प्रेरित गर्ने ।

२.५.२ शारीरिक रुपले सक्रिय रहन दैनिक व्यायाम गर्ने र व्यक्ति, परिवार, र समुदायलाइ दैनिक व्यायाम गर्न उत्प्रेरित गर्ने । संघ सस्थाहरुले नियमित व्यायामलाई संस्थागत गर्न उपयुक्त व्यवस्था गर्ने ।

२.५.३ स्वस्थ र पोषिलो खाना बारे व्यक्ति, परिवार, र समुदायलाई सजग गराउन यसका फाईदा, परिकार र पकाउने तरिकाबारे स्पष्ट जानकारी लिएर मात्र प्रबर्धन गर्ने ।

२.५.४ नियमित स्वास्थ्य जाँच स्वयमले गर्ने र यसका फाईदा, स्वास्थ्य जाँचका प्रकार तथा सेवा पाईने स्थानहरुबारे स्पष्ट जानकारी गराउने ।

२.५.१ परिवार र समुदायको स्वस्थ्य प्रति सजग गराउन माथि उल्लेखित व्यवहारहरुलाई नियमित प्रबर्धन गर्ने र स्वास्थ जीवनशैली अपनाउन उत्प्रेरित गर्ने ।

## २.६. उपयुक्त अन्य बिषयबस्तुः

यस संचार तथा जनजागरण अभियानको उद्देश्य प्राप्त गर्न मेरो बर्ष २०७४ प्रकृया भित्र समेटिनु पर्ने र आवश्यक पर्ने अन्य उपयुक्त बिषयबस्तुहरु स्वास्थ्य संचार प्राबिधिक समिति र अन्य बिषयगत कार्य समूह तथा सरोकारवालाहरुको सुझावका आधारमा समयानुकूल थपघट गर्न सकिनेछ ।

**संकल्प**

स्वस्थ रहन पाउनु तपाईको अधिकार हो । हरेक नागरिकलाई स्वस्थ राख्नु सरकारको दायित्व हो । सरकार आफ्नो दायित्व पुरा गर्न दृढ छ । सरकारको यो दृढतामा तपाईको पनि साथ चाहिएको छ । अधिकारसंगै आफ्नो जिम्मेवारी पनि पुरा गरौं । आउनुहोस, नयाँ बर्षको शुरुवातसंगै स्वस्थ मार्गमा हिड्न यी ५ प्रतिवद्धता सहित स्वस्थ जीवनशैली अपनाउने संकल्प गरौं ।

१ म रक्सी, चुरोट र सुर्तिजन्य पदार्थ खान्न,
२ म नियमित व्यायाम गर्छु,
३ म स्वस्थ र पोषिलो खाना खान्छु,
४ म नियमित स्वास्थ्य जाँच गराउँछु,
५ म मेरो परिवार र समुदायको स्वास्थ्यप्रति सजग रहन्छु,

# ६. सञ्चार रणनीति

मेरो बर्ष २०७४ देशका तीनवटै भौगोलिक क्षेत्र तराई, पहाड तथा हिमाल स्थित शहर तथा ग्रामीण भेगमा बसोबास गरिरहेका महिला, पुरुष र त्यसमा पनि विशेषगरी युवा तथा किशोर किशोरीहरूको स्वस्थ जीवनशैली सम्बन्धी विविध किसिमका आवश्यकता पूरा गर्न विभिन्न संचार रणनीति एंव पद्धतिहरू प्रयोगमा ल्याइनेछ । यो रणनीति अनुसार विभिन्न कारणहरुले हालसम्म समेट्न कठिनाइ भइरहेका र सामाजिक रूपमा पिछडिएका समूहको स्वस्थ जीवनशैली सम्बन्धी आवश्यकताहरू सम्बोधन गर्न विशेष क्रियाकलापहरु संचालन गरिने छ ।

## ६.१ सञ्चार पद्धति

मेरो वर्ष २०७४ अभियान कार्यन्वयन गर्न  निम्न लिखित संचारका चार विशिष्ट पद्धतिहरु प्रयोगमा ल्याईनेछ ।

क. पैरवी

ख. सामाजिक परिचालन

ग. व्यवहार परिवर्तन संचार

घ. आदर्श व्यक्ति, समूह, संस्थाहरूको संलग्नतामा सकारात्मक व्यवहार प्रवर्द्धन

### ६.१.१ पैरवी

मेरो बर्ष २०७४ प्रवर्धनका लागि आवश्यक नीति, लगानी, श्रोत साधनको उपलब्धता, योजना निर्माण, रणनैतिक मार्गदर्शन तथा बहुक्षेत्रीय समन्वयका कमी कमजोरीहरु र श्रोत साधनको रिक्ततालाई सम्बोधन गर्न मन्त्रालय स्तरिय निर्देशक समिति र स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्दमा कार्य समुह गठन गरिने छ ।

### ६.१.२ सामाजिक परिचालन

नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि राष्ट्रिय कार्ययोजना २०१४-२०२० लाई अनुसरण गर्दै समूह, संस्था तथा निकायहरू, महिला स्वास्थ्य स्वयंसेविका, समुदायका स्वास्थ्यकर्मीहरु र सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि गरिनेछ । सेवा प्रदान गर्ने संयन्त्रलाई पनि सवलीकरण गरिनेछ । सबै उमेरका महिला पुरुष विशेषगरी किशोरकिशोरी तथा युवावर्गहरुलाई सशक्त बनाउन निजी र सार्बजनिक संस्थाहरु, स्वास्थ्य समूहहरु, बाल क्लबहरु, विद्यालय, कलेज, विश्वविद्यालयहरु साथै समुदायमा रहेका सम्मानित आदर्श व्यक्तित्व र अन्य समूहहरूलाई पनि परिचालन गरिनेछ ।

### ६.१.३ व्यवहार परिवर्तन संचार

महिला तथा पुरुष दुवै र त्यसमा पनि विशेषगरी युवा तथा किशोर किशोरीहरूको जिवनशैलीमा सुधार ल्याउन मेरो बर्ष २०७४ अभियान अन्तर्गत अपनाउनु पर्ने व्यक्तिगत व्यवहार परिवर्तनका प्रमुख बिषयबस्तुहरूको प्रवर्द्धन अन्तरव्यक्ति, आम संचार माध्यम, सामाजिक माध्यम, र आधुनिक प्रबिधिको प्रयोग गरी व्यापकरुपमा गरिनेछ । विद्यमान सामाजिक तथा सास्कृतिक मूल्य मान्यता र स्वस्थ जिवनशैली अभ्यासमा सकारात्मक परिवर्तन ल्याउन, समुदायलाई सशक्तिकरण गरी सेवाको खोजी गर्ने व्यवहारमा सुधार गर्न अध्ययन अनुसन्धानमा आधारित बिबिध संचार क्रियाकलापहरू व्यवहार परिवर्तन संचार रणनीति अन्तरगत योजना र कार्यान्वयन गरिनेछ ।

### ६.१.४ आदर्श व्यक्ति, समूह, संस्थाहरूको संलग्नतामा सकारात्मक व्यवहार प्रवर्द्धन

आदर्श व्यक्ति, समूह, संस्थाहरूको संलग्नतामा सबै तहमा सकारात्मक व्यवहार प्रवर्द्धन गर्न पनि परिचालन गरिनेछ ।

## ६.२. संचार माध्यम, तरीका र प्रबिधिको प्रयोग

मेरो वर्ष २०७४ अभियानका सन्देशहरु व्यापक प्रचारप्रसार गर्न बिभिन्न संचार माध्यम र तरीकाको प्रयोग गरिनेछ । यसका साथै आधुनिक संचार प्रबिधिलाई व्यापक प्रयोगका लागि पहल गरी र उपयुक्त संचार प्रणाली स्थापना र कार्यान्वयन गरिनेछ ।

### ६.२.१. संचार अभियान पूर्व श्रव्य, दृश्य र छापा सामग्रीहरुको उत्पादन

मेरो बर्ष २०७४ संचार अभियान कार्यान्वयन को लागि आवश्यक पर्ने देहायका संचार सामग्रीहरु उत्पादन गर्ने व्यवस्था मिलाईनेछ ।

क. मेरो बर्ष २०७४ को लोगो,
ख. मेरो बर्ष २०७४ सांङकेतिक सन्देशको लागि श्रव्य, दृश्य र छापा सामग्रीहरु उत्पादन,
ग. ३० सेकेन्डको भिडियो संन्देश उत्पादन,
घ. ३० सेकेन्डको रेडियो संन्देश उत्पादन,
ङ. ३० मिनेटको टेलिभिजन श्रृङ्खला उत्पादन,
च. ३० मिनेटको रेडियो श्रृङ्खला उत्पादन,
छ. मेरो बर्ष २०७४ सबै उमेरका महिला पुरुष विशेषगरी किशोरकिशोरी तथा युवावर्गहरुकालागि हाते पुस्तिका उत्पादन,
ड. सबै स्वास्थ्य संस्थाहरुका लागि मेरो बर्ष २०७४ पुस्तिका उत्पादन,

### ६.२.२. अन्तरव्यक्ति माध्यमको प्रयोग

महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकास्तरमा विद्यालय तथा घर परिवारका लक्षित समूहसम्म सन्देश, सामग्री र कार्यक्रमहरु पुऱ्याउन निजी र सार्बजनिक संस्थाहरु, स्वास्थ्य समूहहरु, बाल क्लबहरु, विद्यालय, कलेज, विश्वविद्यालयहरु साथै समुदायमा रहेका सम्मानित आदर्श व्यक्तित्व र अन्य समूहहरूलाई परिचालन गरी अन्तर व्यक्ति संचार क्रियाकलापहरु संचालन गर्ने व्यवस्था गरिनेछ ।

### ६.२.३. आम संचारका माध्यमको प्रयोग

सरकारी तथा निजी टेलिभिजन, रेडियो र पत्रपत्रिकाहरुमा नियमित सन्देशहरु प्रचारप्रसार  गरिनेछ साथै रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र र राष्ट्रिय समाचार समितिसंग सहकार्य गर्न सम्झौताको लागि पहल गरिनेछ । काठमान्डौमा रहेको संचार माध्यम र जिल्ला स्थित संचार माध्यमहरुको प्रयोग योजना वद्ध तरीकाले गरिनेछ । आम संचार माध्याम अन्तर्गत काठमान्डौ उपत्यका र जिल्ला स्थित केबल तथा स्याटलाईट सेवा प्रदायकहरुसँग साझेदारी गर्ने व्यवस्था मिलाईनेछ ।

## ६.२.४. मोबाईल तथा आई.भि.आर सेवा मार्फत सूचना वा सन्देश प्रवाहः

हाल नागरिकहरुले मोबाईल सेवाको अत्याधीक प्रयोग गर्ने गरेको तथ्यलाई बिचार गरी सो सेवा मार्फत मेरो बर्ष २०७४ सम्बन्धी सन्देश प्रचार प्रसार गर्न सूचना तथा संचार मन्त्रालय र नेपाल टेलिकमसंग सहकार्य गरिनेछ । मोबाईल मार्फत सूचना तथा सन्देश प्रवाह गर्नका लागि राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्रमा बिद्युत्तीय उपकरण र आवश्यक उपकरणहरु जडान र संचालन गरिनेछ । मोबाईल सेवा एस एम.एस र आई.भि.आर बाट सूचना सन्देश प्रवाह गर्न प्रयोग गरिनेछ ।

## ६.२.५. सूचना प्रविधि संरचनाको विकास, स्थापना र प्रयोग

नेपाल टेलिकमसंगको साझेदारी अर्न्तगत सामाजिक संजाल (facebook, twitter, youtube, अभियानको वेभसाइट) संचालन र सन्देश प्रवाह गर्न इन्टरनेट सेवा, एसएमएस सेवा र आईभीरआर (Interactive Voice System/Recorder) सेवा मार्फत संचार अभियानको चरण अनुरुप नियमित सन्देश प्रवाह गर्ने व्यवस्था गरिनेछ । यसमा सबै उमेरका महिला पुरुष विशेषगरी किशोरकिशोरी तथा युवावर्गहरुलाई लक्षित गरेर सन्देशहरु प्रवाह गरिनेछ । यसका साथै सम्बन्धित तथ्याङ्क संकलन गर्नका निम्ति आवश्यक पर्ने वेबमा आधारित केन्द्रिय सूचना प्रविधि हब र प्रणालीको विकास गरिनेछ । मेरो वर्ष २०७४ अभियानमा सहभागी गराउने र नियमित रुपमा जानकारी आदानप्रदान गर्न मोबाईल यापको (App) बिकाश गरिने छ । यो यापमा एक पटक दर्ता भइसकेका नम्बरहरुमा आवधिक रुपमा स्वतः सन्देशहरु प्रवाह हुने गरी प्रविधि विकास गरिनेछ ।

## ७. मेरो बर्ष २०७४ संचार अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका

मेरो बर्ष २०७४ संचार अभियानको संचार रणनीतिक पद्धतिहरु पैरवी, सामाजिक परिचालन, व्यवहार परिवर्तन संचार र आदर्श व्यक्ति, समूह, संस्थाहरूको संलग्नतामा सकारात्मक व्यवहार प्रवर्द्धनलाई कार्यरुपमा उतार्न अन्तरव्यक्ति, आम संचार माध्यम, सामाजिक माध्यम र आधुनिक प्रबिधिको प्रयोग गरी संचार अभियानका बिभिन्न कार्यक्रमहरु विभिन्न स्तर र चरणमा कार्यान्वयन गरिनेछ । सबै प्रदेश, नगरपालिका, गाउँपालिका, र वडास्तरसम्म क्रियाकलापहरु संचालन गरिने छ र प्रयोग हुने सामग्री तथा सन्देशहरु एकरुपता कायम गरिनेछ । यसका साथै अभियानलाई नियमित कार्यकममा समायोजन गर्ने र विशेष कार्यकमहरु संचालन गर्ने व्यवस्था मिलाइने छ ।

अभियानको पहिलो महिनामा (बैशाख १ देखि ३१ गतेसम्म) मेरो बर्ष २०७४ अभियानलाई घरघरमा व्यक्तिगत प्रतिबद्धताको रुपमा स्थापित गराई सो प्रतिबद्धताहरु व्यक्तिगत रुपमा सबै उमेरका महिला पुरुष विशेषगरी किशोरकिशोरी तथा युवावर्गहरुले व्यवहारमा लागुगरिरहेको कथाहरुलाई अभियान अवधिभरी प्रचार प्रशार गरिने छ । अभियान संचालनको १ बर्षपछि सम्पूर्ण सञ्चार कार्ययोजनाहरु नियमित कार्यकमा समावेश गरिने छ । बैशख १ गते लाई हरेक बर्ष मेरो बर्षको रुपमा मनाउन सबै उमेरका महिला पुरुष विशेषगरी किशोरकिशोरी तथा युवावर्गहरुलाई उत्प्ररित गरिने छ । निजी र सार्बजनिक संस्थाहरु, स्वास्थ्य समूहहरु, बाल क्लबहरु, विद्यालय, कलेज, विश्वविद्यालयहरु साथै समुदायमा रहेका सम्मानित आदर्श व्यक्तित्व र अन्य समुहहरूलाई परिचालन गरिनेछ ।

### ७.२. मेरो बर्ष २०७४ संचार अभियानको प्रारम्भमा गरिन क्रियाकलापहरु

७.२.१. मेरो वर्ष २०७४ संचार अभियानको संचार रणनीति र कार्यान्वयन निर्देशिकाको विकास गर्ने ।

७.२.२. मेरो बर्ष २०७४ संचार अभियान सचिवालयको स्थापना गर्ने । राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्रको संयोजकत्वमा विभिन्न संस्थाका प्रतिनिधिहरु रहने गरि राष्ट्रिय संचार अभियान कार्य समुहको गठन गर्ने व्यवस्था गरिएको छ । सचिवालयको स्थापना भएपछि अभिमुखीकरण बैठक संचालन गरी राष्ट्रिय कार्य समुहको गठन र जिम्मेवारीबारे सदस्यहरुलाई जानकारी गराइनेछ ।

७.२.३. मेरो बर्ष २०७४ संचार अभियानको सांकेतिक (Teaser) सन्देश (श्रव्य, दृश्य, छापा) हरुको उत्पादन र विभिन्न स्तरमा विभिन्न संचार माध्यमबाट प्रचारप्रसार गर्ने ।

७.२.४. मेरो बर्ष २०७४ संचार अभियानको शुभारम्भ हुने एक दिन अघि पत्रकार भेटघाट आयोजना गरी अभियान बारे जानकारी दिने ।

७.२.५. चर्चित व्यक्तित्व र सामान्य नागरिक मार्फत अभियानको शुभारम्भका लागि प्रतिबद्धताको फोटो पत्रपत्रिकामा प्रचार प्रसार गर्ने ।

७.२.६. राष्ट्रिय स्तरमा मेरो वर्ष २०७४ को घोषणा संगै ७५ वटै जिल्लामा स्वास्थ्य/जनस्वास्थ्य कार्यलयहरुले एकदिने अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।

७.२.७. जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यलयहरुले महानगरिपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकास्थित स्वास्थ्य संस्थाहरुलाई मेरो वर्ष २०७४ को पुस्तिका वितरण गरी स्वस्थ जीवनशैली र नसर्ने रोग सम्बन्धी आवश्यक जानकारीहरु स्वास्थ्य संस्था मार्फत नियमित रुपमा प्रदान गर्न परिपत्र गर्ने ।

७.२.८. वडास्तरमा महिला स्वास्थ्य स्वंय सेविकाहरुको अगुवाईमा सबै उमेरका महिला पुरुष विशेषगरी किशोरकिशोरी तथा युवावर्गहरुलाई मेरो वर्ष २०७४ को स्वस्थ जीवनशैली र नसर्ने रोग सम्बन्धी जानकारी भएको हाते पुस्तिका वितरण गर्ने ।

## ७.३. क्षमता अभिबृद्धि तथा अभिमुखिकरण कार्यक्रमहरु

७.३.१. मेरो वर्ष २०७४ संचार अभियानको आवश्यकता र यसका लागि चाहिने आवश्यक सहयोग जुटाउन स्वास्थ्य मन्त्रालय अन्तर्गतका विभाग, माहाशाखा र केन्द्रका निर्देशकज्यूहरुसंग बैठक गर्ने ।

७.३.२. विद्यालय, कलेज, विश्वविद्यालयहरु परिचालनः मेरो वर्ष २०७४ संचार अभियानको सन्देशहरुलाई व्यापक बनाउन र व्यक्तिगत व्यवहार परिवर्तन गर्न बिद्यार्थीहरुलाई उत्प्रेरण तथा परिचालन गर्न एकदिने अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।

७.३.३ कलाकारहरुसंग सम्बन्धीत संघ संस्थाहरु परिचालनः मेरो वर्ष २०७४ संचार अभियानको सन्देशहरुलाई व्यापक बनाउन र व्यक्तिगत व्यवहार परिवर्तन गर्न कलाकारहरुको भूमिकाबारे जानकारी गराउन तथा उत्प्रेरण र परिचालन गर्न एकदिने अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।

७.३.४ निजी क्षेत्रका प्रतिनिधिहरुका लागि अभिमुखीकरणः मेरो वर्ष २०७४ संचार अभियानलाई प्रभावकारी बनाउन निजी क्षेत्रको संलग्नता र सहयोगको क्षेत्र बारे जानकारी गराउन तथा सहयोग जुटाउन एकदिने अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।

७.३.५ नियमित कार्यक्रम अन्तर्गत संचालन हुने सबै तालिम तथा अभिमुखिकरण कार्यक्रमहरुमा मेरो वर्ष २०७४ अभियानको सन्देशहरु प्रवाह गर्ने साथै अभियानमा आफ्नो जिम्वारी बोध गराउन दुई घन्टाको सत्र संचालन गर्ने ।

७.३.६ बहु क्षेत्रिय सञ्जाल तथा निकायहरु अन्तर्गत संचालन गरिने सबै तालिम तथा अभिमुखिकरण कार्यक्रमहरुमा मेरो वर्ष २०७४ अभियानको सन्देशहरु प्रवाह गर्ने साथै अभियानमा आफ्नो जिम्मेवारी बोध गराउन दुई घन्टाको सत्र संचालन गर्ने ।

अभियानको चरण अनुरुप प्रयोग र वितरण हुनु पर्ने सम्पूर्ण संचार सामग्रीहरु सम्बन्धीत व्यक्ति, समूह र निकायहरुलाई अभिमुखीकरणको समयमा उपलब्ध गराइसकेको हुनु पर्दछ ।

# ८.    संचार अभियान कार्यन्वयन तहगत संरचना

## ८.१ राष्ट्रियस्तर  वा संघीय संरचना

यस अभियानको प्रभावकारी कार्यान्वयन र नियमित प्राविधिक सहयोग प्रदान गर्न राष्ट्रिय स्वास्थ्य संचार नीति, २०६९ अनुसारको राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्रमा **स्वास्थ्य संचार प्राबिधिक समिति** (अनुसूचि १) र मेरो वर्ष २०७४ बमोजिम स्थापित संचार अभियान सचिवालय अर्न्तगत संचार अभियान समन्वय गर्न **कार्य समूह** (अनुसूचि २) को गठन गरिएको छ । सो कार्य समूहको सदस्य तथा कार्य विवरण सम्बन्धित अनुसूचिमा राखिएको छ । यस कार्य समूहले माननीय स्वास्थ्य मन्त्रीको नेतृत्वमा स्थापित निर्देशक समितिको निर्देशन तथा स्वास्थ्य सेवा विभागका महानिर्देशकको नेतृत्वमा स्थापित कार्यान्वयन समितिसंग (अनुसूचि ३) समन्वयात्मक ढङ्गले काम गर्नेछ । यसका साथै नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणकालागि राष्ट्रिय कार्ययोजना २०१४-२०२० स्वास्थ्य मन्त्रालय लगायत अन्य मन्त्रालय र सरोकारवालाहरुको मातहत नसर्ने रोग सम्बन्धी कार्यक्रमहरु समायोजन गर्नका लागि निर्देशक समितिले समन्वय निकायको रुपमा सहयोग गर्नेछ ।

## ८.२ क्षेत्रीय वा प्रदेशस्तर

क्षेत्रीय स्वास्थ्य निर्देशनालयले क्षेत्रीय वा प्रदेश समन्वयन निकायको रुपमा समन्वय र अनुगमन सम्बन्धी काम गर्नेछ । यस अभियानको जिल्लाहरुसंग समन्वय तथा निर्देशन गर्न, सबै तालीम, क्षमता अभिवृद्धिसंग सम्बन्धित क्रियाकलापहरु लगायत आवधिक रुपमा अनुगमन गर्नको लागि फोकल व्यक्तिको रुपमा स्वास्थ्य शिक्षा र संचार कार्यक्रम हेर्ने अधिकृत कर्मचारीलाई तोकिएको छ ।

## ८.३ जिल्लास्तर

जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालयले जिल्लास्तरीय विषयगत निकायहरुसंगको समन्वय र तिनीहरुलाई परिचालन गरी काम गर्नु पर्नेछ । कार्यक्रमहरुको आवधिक अनुगमन गरी अभिलेख बुझाउने काम जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालयले गर्नेछ । संचार माध्यम र स्थानीय गैह्र सरकारी संस्था लगायत जिल्लाका साझेदारहरुसंग समन्वय गरी महिला स्वास्थ्य स्वंय सेविका लगायत अन्य स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकास्तरमा प्राविधिक सहयोग, तालीम तथा अभिमुखीकरण दिने कार्य जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालयको समन्वयमा हुने व्यवस्था गरिएको छ । जिल्लामा स्वास्थ्य  शिक्षा कार्यक्रम हेर्ने फोकल व्यक्ति यस कार्यक्रमको पनि फोकल व्यक्ति हुनेछन् ।

## ८.४ स्थानियस्तर

स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका स्तरमा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकीहरु जिम्मेवार हुनेछ । साथै महिला स्वास्थ्य स्वंय सेविका र अन्य स्वास्थ्यकर्मीहरुलाई पनि परिचालन गरी स्थानीय स्तरमा अभिमुखीकरण कार्यक्रम साथै सन्देश तथा सामग्रीहरु वितरण गर्ने कार्य पनि स्थानीय स्वास्थ्य संस्थाहरु प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकीहरुले गर्नेछन ।

## ८.५ मुख्य साझेदारहरू र सरोकारवालाहरू

मेरो बर्ष २०७४ संचार अभियान कार्यान्वयनका लागि प्रमुख साझेदार मन्त्रालय तथा सरकारी निकायहरूमास्वास्थ्य मन्त्रालय (स्वास्थ्य सेवा विभागका बाल स्वास्थ्य महाशाखा, परिवार स्वास्थ्य महाशाखा, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र, क्षेत्रीय स्वास्थ्य निर्देशनालय, जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय र सम्बन्धित अन्य स्वास्थ्य संस्था), शिक्षा मन्त्रालय (शिक्षा विभाग, जिल्ला शिक्षा कार्यलय, बिद्यालयहरु), सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय (जिविस, नगरपालिका, गाविस, गाऊंपालिका), महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय (महिला विकास कार्यालय), शहरी विकास मन्त्रालय ( खानेपानी तथा ढल निकास विकास) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, कृषि विकास मन्त्रालय (कृषि विभाग, खाद्य प्रबिधि तथा गुण नियन्त्रण विभाग), सूचना तथा सञ्चार मन्त्रालय र अन्य सम्बन्धित सरकारी निकायहरु हुनेछन ।

मेरो बर्ष २०७४ संचार अभियान कार्यान्वयनका लागि मन्त्रालय र सरकारी निकायहरु बाहेक सार्वजनिक तथा निजी क्षेत्र (साल्ट ट्रेडिङ कर्पोरेसन, बैंकहरू, नेपाल टेलिकम, एनसेल, स्मार्ट फोन अन्य उद्योगहरू, कम्पनीहरू आदि), नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणकालागि कार्यरत बाह्य विकास साझेदारहरू लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरु, पेशागत संस्थाहरुको सञ्जाल, र आम सञ्चार माध्यमहरु रहेका छन् । स्वास्थ्य मन्त्रालय, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्रको नेतृत्वमा, विद्यालयहरूसंगको सहकार्यमा बानी व्यवहार परिवर्तनको बिजारोपण गर्नको लागि विद्यार्थीहरूलाई परिवर्तनका संवाहक (चेन्ज एजेन्ट) को रूपमा लक्षित गर्ने, अन्य सरोकारवाला निकायसंगको सहकार्यमा मानव स्वास्थ्यमा महत्वपूर्ण भूमिका भएका अन्य क्षेत्र जस्तै कृषि, शिक्षा, वातावरण, खानेपानी, स्थानीय सरकारसंगको सहकार्य, निजी र गैर सरकारी संस्थाहरूसंगको सहकार्य, सबै नागरिकसंगको सहकार्य र प्रतिवद्धता गराईने छ ।

## ९. अनुगमन तथा मूल्याङ्कन

यस संचार अभियान कार्यक्रम कार्यान्वयनको अबधिमा नियमित र आबधिक अनुगमन तथा मूल्याङ्कन गरिनेछ । अनुगमन तथा मूल्याङ्कनको उद्देश्य मेरो बर्ष २०७४ संचार अभियानका विभिन्न क्रियाकलापहरुबाट लक्षित समुहमा परेको असर, प्रभाव र प्रगतिबारे नियमित र आबधिक रुपमा समय समयमा सही र उपयोगी तरिकाबाट विश्लेषण गर्नु हो । अनुगमनबाट प्राप्त सुझावहरुलाई अभियान कार्यान्वयन प्रकृयामा समाविष्ट गर्दै कार्यान्वयन प्रकृयामा सुधार ल्याईने छ ।

यो अभियान कार्यान्वयन प्रकृया र कार्यक्रमको परिणामको अनुगमन तथा मूल्याङ्कन नियमित तथा आवधिक रुपमा बैज्ञानिक तरीका अपनाई गरिनेछ । केन्द्रिय तहबाट राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र र क्षेत्रीय स्तरबाट क्षेत्रीय स्वास्थ्य निर्देशनालयले अनुगमन कार्य गर्नेछन । जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यलयले जिल्ला र समुदायस्तरीय संचार अभियान कार्यक्रमको अनुगमन गर्नेछ ।

नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणकालागि राष्ट्रिय कार्ययोजना २०१४-२०२० अन्तरगत बनेको कार्ययोजनामा उल्लेखित सूचांक नै प्रयोग गरिनेछ । यसका लागि आवश्यक चेकलिष्ट विकास गरी आवश्यक सूचना र कार्यक्रमको स्थितिबारे तथ्याङ्क र सूचना संकलन गरिनेछ । नियमित सुपरभिजन र अनुगमनका लागि प्रतिवेदनको ढांचा विकास गरी लागू गरिनेछ ।

## १०. निर्देशिका कार्यान्वयन तथा बाधा अड्काउ फुकाउन

१०.१. यस निर्देशिकाको कार्यान्वयन राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्रको नेतृत्वमा हुनेछ ।

१०.२. यस निर्देशिका कार्यान्वयनमा केही बाधा अड्काउ आई परेमा वा निर्देशिका कार्यान्वयनका लागि निर्देशिकालाई थप परिभाषित गर्नु परेमा वा कार्यक्रम क्रियाकलाप थपघट संशोधन गर्नु परेमा राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्रले गर्नेछ ।

१०.३. मेरो बर्ष २०७४ संचार अभियान संचालन सम्बन्धी यस निर्देशिकामा समावेश नभएका र संचार अभियान संचालन गर्न आवश्यक प्रकृयागत अन्य कुराहरु राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्रले निर्धारण गरे बमोजिम हुनेछ ।

# अनुसूची १

## स्वास्थ्य संचार प्राबिधिक समितिको संरचना

| सि.नं. | संस्थाको नाम | सदस्य |
|---|---|---|
| १ | निर्देशक, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | अध्यक्ष |
| २ | प्रमुख/स्वास्थ्य शिक्षा प्रशासक, सूर्तिजन्य पदार्थ तथा नसर्ने रोग नियन्त्रण शाखा, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | सदस्य |
| ३ | स्वास्थ्य शिक्षा प्रशासक, प्रजनन तथा बाल स्वास्थ्य संचार शाखा, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | सदस्य |
| ४ | स्वास्थ्य शिक्षा प्रशासक, वातावरणीय स्वास्थ्य, सरसफाई तथा रोग रोकथाम शाखा, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | सदस्य |
| ५ | जनस्वास्थ्य/उपस्वास्थ्य प्रशासक, नीति, योजना तथा अर्न्तराष्ट्रिय समन्वय महाशाखा | सदस्य |
| ६ | सम्बन्धित महाशाखा/विभागका जनस्वास्थ्य/उपस्वास्थ्य प्रशासक ३ जना सम्म | सदस्य |
| ७ | प्रतिनिधि वा संचार अधिकृत, युनिसेफ | सदस्य |
| ८ | प्रतिनिधि वा संचार अधिकृत, विश्व स्वास्थ्य संगठन | सदस्य |
| ९ | समितिका अध्यक्षले तोकेको सम्बन्धित बिषयका बिज्ञ | सदस्य |
| १० | सम्बन्धित अन्य संयुक्त राष्ट्र संघीय, रीष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी, सरोकारवाला र बाह्य विकासका साझेदार संघसंस्था | सदस्य |
| ११ | स्वास्थ्य शिक्षा प्रशासक, स्वास्थ्य प्रबर्द्धन तथा शिक्षा शाखा, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | सदस्य सचिव |

**समितिको कार्य विवरण:** यो समिति सबै स्वास्थ्य तथा पोषण सम्बन्धी संचार समिति वा कार्य समूहहरुको छाता समिति हुनेछ। यसको कार्य विवरणहरु देहाय बमोजिम छन्:

- सरकारी निकाय, संयुक्त संयुक्त राष्ट्र संघीय, रीष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी, नीजि, सरोकारवाला र बाह्य विकासका साझेदार संघसंस्था लगायत सबैले यस समितिको सिफारिसमा स्वीकृत भएको मेरो बर्ष २०७४ सम्बन्धी सन्देश, सूचना र सामग्रीहरु मात्र प्रचार प्रसार गर्ने व्यवस्था मिलाउन सहयोग गर्ने,
- मेरो बर्ष २०७४ सम्बन्धी सन्देश, सूचना तथा सामग्रीको अबधारण तथा बिषयबस्तु विकास र छनौटमा प्राविधिक सहयोग प्रदान गर्ने,
- मेरो बर्ष २०७४ सम्बन्धी सन्देश र सामग्रीहरुको विकास, पूर्व परिक्षण र अन्तिम रुप दिने कार्यमा प्राविधिक सहयोग प्रदान गर्ने,
- कार्यक्रम निर्देशिका लगायत कार्यक्रम संचालन सहयोगी समाग्रीहरुको विकासमा प्राविधिक सहयोग प्रदान गर्ने,
- कार्यक्रमहरुको योजना तथा कार्यान्वयनमा सल्लाहा र आवश्यकता अनुसार सहजीकरण गर्ने,
- कार्यक्रमको अवश्यकता अनुसार अनुगमन र मूल्यांकनमा सहयोग गर्ने,
- बैठकहरुमा सहभागी भई आवश्यक सल्लाह, सुझाव प्रदान गर्ने,
- सम्बन्धित बिषयका बिज्ञ पहिचान गरी बैठकमा सदस्यको रुपमा आमन्त्रण गर्ने,
- समितिको बैठक सम्बन्धी कार्यबिधि निर्धारण गर्ने तथा तोकिएका अन्य कार्यहरु गर्ने।

# अनुसूची २

## मेरो बर्ष २०७४ संचार अभियान राष्ट्रिय कार्य समुह

| सि.नं. | संस्थाको नाम | पदाधिकारी |
|---|---|---|
| १ | निर्देशक, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | अध्यक्ष |
| २ | प्रतिनिधि, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | सदस्य |
| ३ | प्रतिनिधि, प्राथमिक स्वास्थ्य सेवा तथा पुर्नजागरण महाशाखा | सदस्य |
| ४ | प्रतिनिधि, बाल स्वास्थ्य महाशाखा | सदस्य |
| ५ | प्रतिनिधि, परिवार स्वास्थ्य महाशाखा | सदस्य |
| ६ | प्राविधिक सल्लाहकार | सदस्य |
| ७ | संचार सहयोगी | सदस्य |
| ८ | स्वा.शि.प्र.प्र., राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | सदस्य सचिव |
| ९ | स्वास्थ्य मन्त्रालय अर्न्तगतका अन्य महाशाखा र केन्द्रबाट आमन्त्रितहरु | आवश्यकता अनुसार |

**कार्य विवरण:**

१. मेरो वर्ष अभियानको कार्यन्वयन योजना तर्जुमा, कार्यन्वयन सुनिश्चित गर्ने,

- मेरो वर्ष अभियानको संचार रणनिती र निर्देशिका निर्माण गर्ने

२. संचार अभियानका लागि सन्देश तथा सूचना विकास तथा पारित गर्ने:

- श्रव्य दृश्य माध्यम (टेलिभिजन, रेडियो)
- सामाजिक संजाल, website लगायत अन्य digital मिडियाहरु
- छापा सामाग्रीहरु जस्तै: फ्लायर, ब्रोसरहरु, विज्ञापन, पोस्टरहरु आदि ।
- अन्तरव्यक्तिय संचार
- विशेष समारोह

३. स्वास्थ्यकमीहरुको लागि हाते पुस्तिकाको (Booklet) विकास, तथा अभिमुखीकरण संचालन गर्ने

४. परिवारहरुको लागि हाते पुस्तिकाको (Booklet) विकास, तथा वितरण गर्ने

५. सबै श्रव्य दृष्य सामागी, डिजिटल र छापा सामाग्रीहरुमा मेरो वर्षको ब्रान्डमा एक रुपता भए नभएको सुनिश्चित गर्ने

६. निर्देशक समितिले निर्देशन गरे अनुरुप कार्यहरुको तर्जुमा गर्ने र सरकारी निकाय र अन्य सरोकारवालाहरुसंग साझेदारी गर्ने

७. स्वास्थ्य मन्त्रालय र यसका अधिनमा रहेका जिम्मेवार संस्थाहरुसंग आवश्यकता अनुसार समन्वयन गर्ने

८. प्राविधिक सल्लाहकार र परामर्शदातासंग समन्वय गर्ने (मिडिया, IT experts आदि)

९. निर्देशक समितिको आवधिक वैठकको आयोजना र व्यवस्थापन गर्ने

कार्य समुहले राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्रबाट कार्यहरु गर्नेछ र यस केन्द्रका निर्देशकले आवश्यकता अनुरुप सुविधाहरुको व्यवस्थापन गर्नेछ ।

# अनुसूची ३

# मेरो वर्ष अभियान निर्देशक समिति

## <u>कार्य विवरण</u>

**संरचनाः**

| | | |
|---|---|---|
| १. | माननीय स्वास्थ्य मन्त्री | अध्यक्ष |
| २. | सचिव | सदस्य |
| ३. | प्रमुख बिशेषज्ञ, स्वास्थ्य मन्त्रालय | सदस्य |
| ४. | महानिर्देशक-स्वास्थ्य सेवा विभाग | सदस्य |
| ५. | महानिर्देशक- आयुर्वेद विभाग | सदस्य |
| ६. | महानिर्देशक, औषधी व्यवस्था विभाग | सदस्य |
| ७. | प्रमुख, नीति, योजना तथा बै. स. महाशाखा, स्वास्थ्य मन्त्रालय | सदस्य |
| ८. | निर्देशक, प्राथमिक स्वास्थ्य सेवा पूनर्जागरण महाशाखा, स्वासेवि | सदस्य |
| ९. | निर्देशक, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | सदस्य सचिव |

**कार्य विवरणः**

१. नीतिगत कार्यहरु गर्ने गराउने,
२. मेरो वर्ष अभियान कार्यान्वयन गर्न रणनैतिक निर्देशन प्रदान गर्ने,
३. श्रोत तथा साधनहरुको संकलन, बिनियोजन तथा परिचालन गर्ने,
४. बहुक्षेत्रीय सहयोग र साझेदारीको व्यवस्था  र परिचालन गर्ने
५. अभियानको प्रगतिको बारेमा चौमासिक समीक्षा र निर्देशन,
६. बिज्ञ, प्राविधिक सल्लाहकार र अन्य पदाधिकारीहरुलाई आवश्यकता अनुसार आमन्त्रण गर्ने ।

# मेरो वर्ष अभियान कार्यान्वयन समिति

## कार्य विवरण

**संरचनाः**

| | |
|---|---|
| १. महानिर्देशक, स्वास्थ्य सेवा विभाग | अध्यक्ष |
| २. निर्देशक, प्राथमिक स्वास्थ्य पूनर्जागरण महाशाखा | सदस्य |
| ३. निर्देशक, बाल स्वास्थ्य महाशाखा | सदस्य |
| ४ निर्देशक, परिवार स्वास्थ्य महाशाखा | सदस्य |
| ५. निर्देशक, राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र | सदस्य |
| ६. निर्देशक, व्यवस्थापन महाशाखा | सदस्य |
| ७. स्वास्थ्य प्रबर्धन तथा संचार सल्लाहाकार | सदस्य |
| ८. प्रमुख, सूर्तिजन्य पदार्थ तथा नसर्ने रोग नियन्त्रण शाखा, | सदस्य |
| ९. निर्देशक, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | सदस्य सचिव |

**कार्य विवरणः**

१. मेरो वर्ष अभियानको कार्यन्वयन योजना तर्जुमा, कार्यन्वयन सुनिश्चित गर्ने,
- मेरो वर्ष अभियानको संचार रणनिति, निर्देशिका निर्माण र कार्यानवयन गर्ने गराउने,

२. संचार अभियानका लागि सन्देश तथा सूचना विकास, उत्पादन, प्रचारप्रसार गर्ने गराउने,
- श्रव्य दृश्य माध्यम (टेलिभिजन, रेडियो)
- सामाजिक संचाल, website लगायत अन्य digital मिडियाहरु
- छापा सामाग्रीहरु जस्तैः फ्लायर, ब्रोसरहरु, साईनेज, पोस्टरहरु आदि ।
- अन्तरव्यक्तिय संचार र विशेष समारोह

३. स्वास्थ्यकर्मीहरुको लागि हाते पुस्तिकाको (Booklet) विकास तथा अभिमुखीकरण संचालन गर्ने

४. परिवारहरुको लागि हाते पुस्तिकाको (Booklet) विकास तथा वितरण गर्ने

५. सबै श्रव्य दृष्य सामाग्री,, डिजिटल र छापा सामाग्रीहरुमा मेरो वर्षको ब्रान्डमा एक रुपता भए नभएको सुनिश्चित गर्ने गराउने,

६. कार्यक्रमहरुको तर्जुमा गर्ने र सरकारी निकाय र अन्य सरोकारवालाहरुसंग साझेदारी र कार्यान्वयन गर्ने गराउने,

७. स्वास्थ्य मन्त्रालय र यसका अधिनमा रहेका जिम्मेवार संस्थाहरुसंग आवश्यकता अनुसार समन्वयन गर्ने गराउने,

८. प्राविधिक सल्लाहकार र परामर्शदातासंग समन्वय (मिडिया, IT experts आदि) गर्ने गराउने,

९. निर्देशक समितिको आवधिक वैठकको आयोजना, व्यवस्थापन र निर्णय कार्यान्वयन गर्ने गराउने,

१०. मेरो बर्ष अभियान राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्दबाट योजना र संचालन गराउने,

११.स्वास्थ्य मन्त्रालय अर्न्तगतका विभाग, महाशाखा र केन्द्र, संयुक्त राष्ट्रसंघीय र अन्य संघसंस्थाहरुबाट आवश्यकता अनुसार सदस्य आमन्त्रण । मेरो बर्ष अभियान कार्यान्वयन समितिले राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र मार्फत कार्यहरु गर्नेछ र यस केन्द्रका निर्देशकले आवश्यकता अनुरुप श्रोत, साधन तथा सुविधाहरुको व्यवस्थापन र परिचालन गर्नेछ ।

## अनुसूची ५

**संचार कार्य योजना र निर्देशिका कार्यान्वयनको लागि प्रक्षेपित बजेट सारांश**

| **क.सं** | **चरणहरु** | **रकम** | **अमेरिकी डलर (US $)** |
|---|---|---|---|
| १. | पूर्व तयारी र नियमीत कार्यक्रमहरु | २२,६०६,००० | २०८,१५८ |
| २. | क्षमता अभिबृद्धि तथा अभिमुखिकरण कार्यक्रमहरु | २९,२००,००० | २६८,८७७ |
| ३. | संचार माध्यम, तरीका र प्रबिधिको प्रयोग<br>१.आम संचारका माध्यमको प्रयोग,<br>२.सूचना प्रविधि संरचनाको<br>३.विकास, स्थापना र प्रयोग,<br>४.अन्तरव्यक्ति माध्यमको प्रयोग | ७६,१५०,००० | ७०१,१९७ |
| ४. | अनुगमन तथा मूल्याङ्कन | १०,०००,००० | ९२,०८१ |
| | **कूल जम्मा** | **१२३,१९०,०००** | **१,१३४,३४६** |

**उपरोक्त बजेट  मेरो बर्ष २०७४ संचार अभियान अबधिमा सरकारी निकाय लगायत बिभिन्न सरोकारवाला निकायहरुबाट बिनियोजन र खर्च हुने अनुमान गरिएको छ।**

# अनूसूची ६

## मेरो बर्ष, २०७४ म स्वस्थ, मेरो देश स्वस्थ अभियान कार्यक्रमहरु

| कार्यक्षेत्रहरु | मूख्य कार्यहरु | लक्ष्य प्राप्त हुने मिति | जिम्मेवार निकाय | समन्वय गर्ने निकाय |
|---|---|---|---|---|
| **पूर्व तयारी र नियमीत कार्यक्रमहरु** | मेरो वर्ष २०७४ संचार अभियानको संचार रणनीति र कार्यन्वयन निर्देशिकाको विकास तथा अनुमोदन । | वैशाख १५ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |
| | मेरो बर्ष २०७४ संचार अभियान सचिवालयको स्थापना तथा नियमित वैठक संचालन । | बैशाख १८ देखि नियमित | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |
| | मेरो बर्ष २०७४ संचार अभियानको पत्रकार भेटघाट र नियमित समिक्षा । | वैशाख १७ देखि नियमित | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |
| | चर्चित व्यक्तित्व र सामान्य नागरिक मार्फत अभियानको शुभारम्भका लागि प्रतिबद्धताको फोटो विज्ञापन उत्पादन तथा पत्रपत्रिकामा प्रचार/प्रसार । | वैशाख १ बाट सुरु | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |
| **क्षमता अभिवृद्धि तथा तालिम अभिमुखीकरण** | मेरो वर्ष २०७४ संचार अभियानको आवश्यकता र यसका लागि चाहिने आवश्यक सहयोग जुटाउन स्वास्थ्य मन्त्रालय अन्तर्गतका विभाग, माहाशाखा र केन्द्रका निर्देशकज्युहरु तथा सरोकारवालाहरुसंग नियमीत वैठक । | बैशाख १ बाट सुरु | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |
| | राष्ट्रिय स्तरमा मेरो वर्ष २०७४ को घोषणा संगै ७५ वटै जिल्लामा स्वास्थ्य/जनस्वास्थ्य कार्यलयहरुले एकदिने अभिमुखिकरण कार्यक्रम संचालन । | जेठ ५ बाट नियमित | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |

| कार्यक्षेत्रहरु | मूख्य कार्यहरु | लक्ष्य प्राप्त हुने मिति | जिम्मेवार निकाय | समन्वय गर्ने निकाय |
|---|---|---|---|---|
| | विद्यालय, कलेज, विश्वविद्यालयहरु परिचालनः मेरो वर्ष २०७४ संचार अभियानको सन्देशहरुलाई ब्यापक बनाउन र व्यक्तिगत व्यवहार परिवर्तन गर्न विधार्थीहरुलाई उत्प्रेरना तथा परिचालन गर्न एकदिने अभिमुखिकरण कार्यक्रम संचालन । निजी विधालयहरु संग सहकार्य । | बैशाख २२ बाट नियमित | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |
| | कलाकारहरुसंग सम्बन्धीत संघ संस्थाहरु परिचालनः मेरो वर्ष २०७४ संचार अभियानको सन्देशहरुलाई ब्यापक बनाउन र व्यक्तिगत व्यवहार परिवर्तन गर्न कलाकारहरुको भुमिकाबारे जानकारी गराउन तथा उत्प्रेरना र परिचालन गर्न एकदिने अभिमुखिकरण कार्यक्रम संचालन (कम्तिमा ५ चोटि) । | बैशाख २० बाट नियमित | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |
| | निजी क्षेत्रका प्रतिनिधिहरुका लागि अभिमुखीकरणः मेरो वर्ष २०७४ संचार अभियालाई प्रभावकारी बनाउन निजी क्षेत्रको सम्लग्नता र सहयोगको क्षेत्र बारे जानकारी गराउन तथा सहयोग जुटाउन एकदिने अभिमुखिकरण कार्यक्रम संचालन र सहकार्य । | बैशाख २१ बाट नियमित | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |
| **संचार माध्यम, तरीका र प्रबिधिको प्रयोग** | अभियान सन्देशहरु प्रबर्धनका लागि टेलिभिजन सन्देशहरु उत्पादन/प्रसारण (३० सेकेन्डको ३० वटा उत्पादन र महिनामा १५ चोटि बजाउने १ वर्ष सम्म) । | बैशाख १९ बाट नियमित | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |

| कार्यक्षेत्रहरु | मूख्य कार्यहरु | लक्ष्य प्राप्त हुने मिति | जिम्मेवार निकाय | समन्वय गर्ने निकाय |
|---|---|---|---|---|
| | अभियान सन्देशहरु प्रबर्धनका लागि रेडियो विज्ञापन उत्पादन/प्रसारण (३० सेकेन्डको ३० वटा महिनामा १५ दिन बजाउने १ वर्ष सम्म)। | बैशाख १६ देखि नियमित | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |
| | अभियान सन्देशहरु प्रबर्धनका लागि ३० मिनेटको टेलिभिजन/रेडियो श्रृङ्खला उत्पादन/प्रसारण (हफ्तामा १ चोटि १ वर्ष सम्म पत्रपत्रिकाहरुमा)। | बैशाख १६ देखि नियमित | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |
| | अभियान प्रबर्धनका चलचित्र भवनहरुमा सन्देशहरु प्रसारण (३० सेकेन्डको ३० वटा उत्पादन र महिनामा ३० चोटि बजाउने १ वर्ष सम्म)। | जेठ १ बाट नियमित प्रशारण | | |
| | अभियान सन्देशहरु प्रबर्धनका लागि पत्रपत्रिका सामाग्रि उत्पादन/छपाई (महिनामा १५ दिन १ वर्ष सम्म)। | बैशाख २३ बाट नियमित | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |
| | प्रदेश र जिल्लाहरुमा होर्डिङ्गबोर्ड वा बील बोर्ड राख्ने (कम्तिमा ७५ वटा)। | बैशाख १ बाट सुरु | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |
| | ईन्टरनेट सेवा र सर्भर (Server) सुरु गर्ने मेरो वर्ष वेभसाईट निर्माण, वेभसाईट अपडेट तथा स्तरोन्न्ती (१ वर्ष सम्म)। | बैशाख २२ बाट नियमित | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |
| | आई.भि.आर सेवा प्रयोग (महिनामा १२००० सम्म प्रयोगकर्ता)। | जेठ १ बाट सुरु | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |

| कार्यक्षेत्रहरु | मूख्य कार्यहरु | लक्ष्य प्राप्त हुने मिति | जिम्मेवार निकाय | समन्वय गर्ने निकाय |
|---|---|---|---|---|
| | एस.एम.एस सेवा प्रयोग<br>(महिनामा १२ चोटि १ वर्ष सम्म ५००० सम्म प्रयोगकर्ता) । | जेठ १७ बाट नियमित | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |
| | सामाजिक संजाल अभियान सन्देशहरु प्रबर्धन (१ वर्ष सम्म याप app, फेसबुक facebook, यूटुब youtube, गुगल google र अनलाइनमा सन्देश) । | बैशाख २५ बाट नियमित | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |
| **अन्तरव्यक्ति माध्यमको प्रयोग** | अभियान सन्देशहरु प्रबर्धनका लागि प्रदेश र जिल्लाहरुमा विशेष भेला कार्यक्रमको आयोजना तथा विशेष दिवसहरुमा देश व्यापी रुपमा निजी तथा सामाजिक संस्थाहरुको सहकार्यमा कार्यक्रमहरुको आयोजना<br>(१ वर्षमा कम्तिमा १० वटा) । | बैशाख १ बाट नियमित | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |
| | २ प्रकारका पुस्तिका उत्पादन तथा वितरन (सबै उमेरका महिला पुरुष विशेषगरी किशोरकिशोरी तथा युवावर्गहरुका लागि र स्वास्थ्य संस्था र स्वास्थ कर्मीहरुका लागि) । | बैशाख २५ बाट नियमित | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |
| | लामो र छोंटो दुरीका सवारी साधनकालागि स्टीकर<br>(महिनामा १०० सवारी साधन १ वर्ष सम्म) । | बैशाख १५ बाट सुरु | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | |

## अनूसूची ७

**मेरो वर्ष २०७४ अभियानको ब्रान्डिङ (Branding) निर्देशिका :**

### १. अभियानको लोगो

अभियानको पहिचान लोगो निम्न अनुसारको रङ्ग तथा आकारको हुनेछ । अभियानका सम्पूर्ण संचार माध्यम तथा सामाग्रीहरुमा लोगोको प्रयोग अनिवार्य गरिनेछ र यसको प्रयोगको स्वीकृती राष्ट्रिय स्वस्थ्य शिक्षा सूचना तथा संचार केन्द्रमा अभियानका लागि स्थापित कार्यसमूहबाट लिएर मात्र प्रयोग गर्न सकिनेछ ।

### २. श्रव्य,दृश्य र छापा सामाग्रीमा लोगोको प्रयोगः

टेलिभिजन विज्ञापन तथा कार्यक्रमहरुमा लोगोको प्रयोग विज्ञापन तथा कार्यक्रमको अन्तिममा प्रयोग गरिनेछ । याप app, फेसबुक facebook, यूटुब youtube, गुगल google र अनलाइनमा सन्देशहरु प्रवाह गर्दा लोगो पहिचान हुने र देखिने गरि प्रयोग अनिवार्य गरिनेछ । छापा सामाग्रीहरुमा लोगोको प्रयोग गर्दा निम्न अनुसार प्रयोग गरिनेछ :

क. पुस्तिका, निर्देशिका तथा तालिम निर्देशिका आदिमा लोगो आवरण पृष्ठको बिच भागमा ।
ख. प्रस्तुतिकरणका लागि तयार गरिएको powerpoint हरुमा नं १ मा दिएजस्तै र सन्देश मुलक छापा सामाग्रीहरुमा नं २ मा दिएअनुसार

न.१




न.२




### ३. श्रव्य, दृश्य र छापा सामाग्रीहरुको प्रयोगः

अभियानका लागि तयार पारिएको सम्पूर्ण सामाग्रीहरुको प्रयोग, प्रचार प्रसार तथा उत्पादनका लागि राष्ट्रिय स्वस्थ्य शिक्षा सूचना तथा संचार केन्द्रबाट स्वीकृतीलिई प्रयोग र उत्पादन गर्न सक्नेछन् तर सरकारी निकाय र नेपाल सरकारबाट स्वीकृती प्राप्त स्थानिय नजी तथा गैरसरकारी संघ संस्थाहरुले भन्दा बाहेकका संघ

संस्थाहरुले आफ्नो लोगो भने राख्न पाउने छैनन् । अधिक जानकारीका लागि राष्ट्रिय स्वस्थ्य शिक्षा सूचना तथा संचार केन्द्रमा सम्पर्क राख्न सकिनेछ ।